म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक १४५ बिहीबार १९ पुस २०८० ने. सं. ११४४ थिल्लागा 4 January 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**अपाङ्गताको आधारमा भेदभाव नगरौं**

अपाङ्गताको आधारमा कसैलाई पनि
- अपमान गर्ने.
- होच्याउने.
- दुर्व्यवहार गर्ने र
- सेवा सुविधाबाट अलग्याउने,

जस्ता कार्य कानूनी तथा सामाजिक अपराध हुन्, त्यस्ता कार्य नगरौं, नगराऔं ।
श्रअपाङ्गताको आधारमा गरिने विभेद विरुद्ध खुलेर बोलौं ।
श्रअपाङ्गता भएका व्यक्तिको मानवअधिकार सुनिश्चित गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# एक वर्ष बित्यो बागमतीको संसदीय समिति नेतृत्वविहीन

निशा गुरुङ

हेटौंडा, १८ पुस/ बागमती प्रदेशसभाका ५ वटा संसदीय समितिमा अझै नेतृत्व चयन हुन सकेको छैन । प्रदेशसभाको निर्वाचन भएको १ वर्ष भइसक्दा पनि 'मिनी संसद' भनिने संसदीय समितिमा नेतृत्व चयन हुन नसकेको हो ।

सत्तारुढ गठबन्धनमा सहमति नजुट्दा 'मिनी संसद' भनेर चिनिने बागमती प्रदेशसभाका संसदीय समिति नेतृत्वविहीन बनेका छन् । सत्ता गठबन्धनले संसदीय समितिको नेतृत्वचयन गर्न अझै सहमति जुटाउन सकेको छैन । गठबन्धनको आन्तरिक विवाद र प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका कारण समेत समिति गठन भएपनि नेतृत्व चयन हुन नसकेको हो । २०७९ पुस १८ गते प्रदेशसभाको पहिलो बैठक बसेको थियो । तर, हालसम्म पनि संसदीय समितिहरुले नेतृत्व पाउन सकेका छैनन् ।

समितिले पूर्णता नपाउँदा सत्तापक्षकै सांसदले समेत असन्तुष्टि जनाउँदै आएका छन् । मुख्यमन्त्री शालिकराम जम्कट्टेल नेतृत्वको सरकारले माघ २३ गते प्रदेशसभा बैठकबाटै संसदीय समिति गठनको प्रयास गरेको थियो तर, सरकारलाई समर्थन गरेका दलको दाबीअनुसार भाग नपुग्ने भएपछि यस विषयलाई थाँती राखिएको थियो । सत्तारुढ र मुख्य प्रतिपक्षी दलबीच विषयगत समितिमा भागबण्डा नमिल्दा अहिलेसम्म सभापति चयन हुन सकेका छैनन् । सभापति चयन नहुँदा समितिले विधेयकमाथि छलफल गर्न सकेका छैनन् ।




बागमती प्रदेशसभामा पाँचवटा संसदीय समिति रहेका छन् । प्रदेशसभाका पाँचवटा समितिमा सबै दलको प्रतिनिधित्व हुने गरी कुल ९६ जना सांसदलाई समितिको सदस्य बनाइएको छ । जसअनुसार ४ वटा समितिमा १९ जना र एक समितिमा २० सदस्य रहेका छन् । समितिका सदस्यबाट निर्वाचन गरी एकजना सभापति चुनिने छन् । सत्तारुढ र विपक्षी दलबीच कुरा नमिल्दा नेतृत्व चयनको विषय ओझेलमा परिरहेको छ ।

सत्तारुढ गठबन्धन दलहरुबीचमा नै भागबण्डा नमिलेको अवस्थामा विपक्षी एमालेले संसदीय समितिहरुमा हुने निर्णयलाई प्रभावकारी बनाउन र सबै पक्षले अपनत्व महसुस गर्ने वातावरणका लागि पनि सत्तारुढभन्दा विपक्षी दललाई समितिको नेतृत्व दिंदा राम्रो हुने बताइरहेको छ । ज्येष्ठ सदस्यको अध्यक्षतामा समितिहरुको बैठक बस्न सुरु भइसकेको छ तर, एजेण्डा स्थापित हुने गरी भने बैठकहरु बस्न सकेका छैनन् । संसदीय समितिहरुको नेतृत्व चयनमा ढिलाइ हुँदा समितिहरुले खास एजेन्डामा छलफल गर्न सकेका छैनन् ।

प्रदेशसभामा प्रदेश मामिला समिति, अर्थ तथा विकास समिति, सार्वजनिक लेखा समिति, शिक्षा समिति, स्वास्थ्य तथा कृषि समिति र उद्योग, पर्यटन तथा वातावरण समिति छन् । सरकारको कामलाई व्यवस्थित बनाउन भूमिका खेल्नुपर्ने संसदीय समिति चलायमान हुन सकेको छैन । संसदीय समिति गठन नहुँदै प्रदेशसभाले नियम निलम्बन गरेर ४ वटा विधेयक पारित गरिसकेको छ ।

जसमध्ये ३ वटा विधेयक प्रमाणीकरण भई लागू भएका छन् भने एउटा विधेयक त्रुटीपूर्ण देखिएपछि प्रमाणीकरण हुन नसकी प्रदेश प्रमुखबाट फिर्ता भएको छ । भागबण्डा नमिलेर लामो समयसम्म संसदीय समितिको नेतृत्व चयन गर्न नसकेपछि पछिल्लो समय संसदीय समितिको संख्या बढाएर भएपनि दलहरुबीच भागबण्डा मिलाउने गरी छलफल सुरु भएको छ । दलहरुबीच भागबण्डा मिलाउन संसदीय समिति बढाएर सभापति चयन गर्ने चर्चा सुरु भएको हो ।

प्रदेशका एक मन्त्रीका अनुसार प्रदेशसभाको संसदीय समितिमा सबैभन्दा ठूलो दलको हैसियतले नेपाली कांग्रेस र सरकारको नेतृत्व गरिरहेको दल नेकपा माओवादी केन्द्रले २/२ वटा समितिको सभापतिमा दाबी गरेको छ । नेकपा एकीकृत समाजवादी, हाम्रो नेपाली पार्टीले १/१ वटा समितिको सभापतिमा दाबी गर्दै आएका छन् । प्रमुख प्रतिपक्ष दल एमालेले सबै संसदीय समितिको सभापति विपक्षी दलहरुले पाउनुपर्ने माग गरेको छ । प्रतिपक्ष दल राप्रपाले पनि संसदीय समितिमा दाबी गरेको छ । राप्रपाले सहमतिका आधारमा एउटा समितिको नेतृत्व माग गरिरहेको सत्तारुढ दलका एक सांसदले जानकारी दिए ।

नेकपा एमाले संसदीय दलका नेता जगन्नाथ थपलिया सरकारको कारण संसदीय समिति नेतृत्वविहीन अवस्थामा रहेको बताए। सत्तारुढ दलहरुबीचमा नै समितिको भागबण्डामा विवाद रहेको र सरकारले यो विवाद मिलाउन नसक्दा समितिहरुको नेतृत्व चयन हुन नसकेको थपलियाले बताए । उनले सरकार सत्तापक्षको हुने भएकोले संसद प्रतिपक्षलाई छोड्नुपर्ने बताए । सरकारको काम खबरदारी गर्ने काम समितिले गर्ने हुँदा सबै समितिको नेतृत्व प्रतिपक्षले गर्नुपर्ने उनको भनाई छ ।

बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले समिति सभापतिको चयनमा ढिला हुनुमा दुईवटा कारण रहेको बताए । मुख्यमन्त्रीका अनुसार सबै दलहरुलाई समितिको विषयमा कसरी संसदमा प्रतिनिधित्व गराउने भन्ने विषयमा सहमति नहुँदा ढिलाई भएको हो । दोश्रोमा गठबन्धनमा सहभागी दलहरुबीचमा पनि सहमित नभएर रोकिएको मुख्यमन्त्रीको भनाई छ । मुख्यमन्त्री जम्कट्टेलले अब सके सहमतिबाट नसके निर्वाचन प्रणालीबाट छिट्टै नेतृत्व चयन गर्ने बताए । पुस महिनाभित्रमै संसदीय समितिलाई पूर्णता दिने उनको भनाई छ ।

# अनेरास्ववियु क्रान्तिकारी नगर अध्यक्षमा लटौला

साझाकुरा संवाददाता

हेटौंडा, १८ पुस/ अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी) हेटौंडा उपमहानगर कमिटीको अध्यक्षमा विजन लटौला चयन भएका छन् ।

नेकपा माओवादी केन्द्र निकट विद्यार्थी संगठन अनेरास्ववियु (क्रान्तिकारी) हेटौंडा उपमहानगर कमिटीको बुधबार भएको दोश्रो नगर सम्मेलनबाट लटौलाको अध्यक्षतामा ३३ सदस्यीय नगरकमिटी चयन भएको हो ।

कमिटी उपाध्यक्षमा शान्ति थिङ र प्रचण्ड वैजु, सचिवमा नवीन श्रेष्ठ, सहसचिवमा अरुण बिष्ट, सुनिल उप्रेती, आयुशा बुढाथोकी, कोषाध्यक्षमा मिनेष पुडासैनी चयन भएका छन् । यसैगरी सदस्यहरुमा अमित सुनार, आयुष ठकुरी, रन्जिता मिजार, युवराज घलान, आँचल गुप्ता, प्रशान्त तामाङ, विकास बोम्जन, आरती सुनार, सुशील घिमिरेलगायत छन् ।

कार्यक्रममा बागमती प्रदेश समाजिक विकास मन्त्री कुमारी मोक्तानले नगर सम्मेलनलाई सम्बोधन गर्दै हामीले निर्माण गर्दै गरेको नयाँ कमिटीले देशमा संघीय लोकतन्त्रविरुद्ध अफवाह फैलाउने तत्वहरु सक्रिय रहेको बेला त्यस्ता अफवाहलाई चिर्न विद्यार्थी नेताहरु सफल हुनपर्ने बताइन् ।




अहिले सरकारले गरेको सकारात्मक कामलाई जनतासम्म पुऱ्याउने काम विद्यार्थी संगठनले गर्नुपर्ने उनले बताइन् । 'अखिल क्रान्तिकारी संगठनको सदस्य हुँ भन्दा पनि अनेक व्यवधान थिए । अप्ठ्यारो परिस्थितिकाबीच उठेर आएको संगठन हो अनेरास्ववियु क्रान्तिकारी ।', मोक्तानले भनिन् ।

विद्यार्थी नेताहरु देशमा रहेको शिक्षा, स्वास्थ तथा समाजमा रहेको विभेदलाइ हटाउन लागि पर्नुपर्नेमा मन्त्री मोक्तानको जोड छ । 'अहिले हाम्रो पार्टी सरकार नेतृत्वमा छ । हामीले दुःख गरेर ल्याएको संविधानको कार्यान्वयन गर्ने समय हो । हाम्रो नेतृत्वले दुःख गरेर ल्याएको परिवर्तनलाई कार्यान्वयन गर्न र जोगाउन तपाई हामी लागिर हनु पर्छ ।', उनले भनिन्, 'तपाईहरुले भोलिका दिन समाज तथा मुलुकको सुशासनको नेतृत्वदायी भूमिका निर्वाह गर्नपर्ने हुन्छ तसर्थ आज एक क्षमतावन कमिटी बनोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।',

अनेरास्ववियु (क्रान्तिकारी) हेटौंडा उपमहानगरपालिका कमिटी अध्यक्ष झलक छत्कुलीको अध्यक्षता तथा समाजिक विकास मन्त्री मोक्तानको प्रमुख आतिथ्यतामा भएको नगर सम्मेलनमा नेकपा माओवादी केन्द्र बागमती प्रदेश कमिटी उपाध्यक्ष तथा प्रदेश सांसद प्रेमबहादुर पुलामी, नेकपा माओवादी केन्द्र मकवानपुर संयोजक सर्केश घलान, अनेरास्ववियु क्रान्तिकारी केन्द्रीय उपमहासचिव प्रदिप अर्याल, अनेरास्ववियु (क्रान्तिकारी) बागमती प्रदेश कमिटी सचिव रामकृष्ण शिवाकोटी, अनेरास्ववियु (क्रान्तिकारी) मकवानपुर जिल्ला अध्यक्ष श्रवणकुमार वर्तौला, वाइसीएल नेपाल मकवानपुर संयोजक लवराज ठकुरीलगातयको आतिथ्यता थियो ।

# कृष्ण आदर्शमा नेपाल आईडलको अडिसन

साझाकुरा संवाददाता

हेटौंडा, १८ पुस/हेटौंडा उपमहानगरपालिका-९, स्थित कृष्ण आदर्श ईङसलिस बोर्डिङ स्कुलमा नेपाल आइडलको पाँचौ सिजनको हेटौंडा अडिसन हुने भएको छ ।

नेपाल आइडलको अडिसन २१ पुसदेखि झापाबाट सुरु हुँदैछ । आइडलको सिजन ५ को अडिसन हेटौंडामा माघको २ गते हुने तय भएको छ । माघ २ गते हेटौंडा-९, स्थित कृष्ण आदर्श बोर्डिङ स्कुलमा अडिसन कार्यक्रम आयोजना हुने भएको हो । नेपाल आइडल सिजन-५ मा न्हूयू




बज्राचार्य, इन्दिरा जोशी र कालीप्रसाद बास्कोटाले निर्णायकको भूमिका निर्वाह गर्नेछन् ।

नेपाल आइडल गायकको खोजी गर्ने उपयुक्त प्लेटफर्म हो । नेपाल आइडल सिजन १ देखि ४ सम्मका विजेता क्रमशः बुद्ध लामा, रवि ओड, सज्जा चौलागाईं र भूपेन्द्र थापा मगर हुन् । यसअघि पनि आइडलको अडिसन हेटौंडामा भएको थियो ।

# मकवानपुरगढीमा राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता



साझाकुरा संवाददाता

हेटौंडा, १८ पुस/ मकवानपुरगढी गाउँपालिकामा गाउँस्तरीय राष्ट्रपति रनिङशिल्ड छनोट प्रतियोगिताको आयोजना गरिएको छ । प्रतियोगिता मकवानपुरगढी-२, स्थित कुर्लेमा सञ्चालन भएको हो ।

२ दिनसम्म चल्ने प्रतियोगितामा विभिन्न खेल विधामा मकवानपुरगढी गाउँपालिका भित्रका १० वटा माध्यमिक विद्यालयका करिब चारसय जना छात्र/छात्रा सहभागी भएका छन् । प्रतियोगिताको उद्घाटन समारोहमा विभिन्न विद्यालयका विद्यार्थीले विभिन्न प्रस्तुति सहित मार्चपास गरेका थिए । विद्यार्थीले मार्चपासमा आफ्नो विद्यालयको नाम सहितको ब्यानर र नेपालको राष्ट्रिय झण्डा समेत लिएका थिए ।

प्रतियोगिताको उद्घाटन गर्दै सामाजिक विकासमन्त्री कुमारी मोक्तानले विद्यार्थीको खेल क्षेत्रमा प्रगतिका लागि यस्तै खेलकुद कार्यक्रम आवश्यक रहेको बताइन् । खेलकुदको विकाससँगै विद्यार्थीबीच रहेको खेल प्रतिभाको उजागर गर्नका लागि यस्तै कार्यक्रमले महत्वपूर्ण भूमिका खेल्ने उनको भनाई रहेको थियो । गाउँपालिका अध्यक्ष दोर्जे लामा स्याङ्तान र उपाध्यक्ष मानकुमारी पाख्रिनले प्रतियोगिताको सफलताको शुभकामना दिएका थिए ।

खेलकुद विकास समिति मकवानपुरगढी गाउँपालिकाको आयोजना तथा वंशगोपाल माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय) को व्यवस्थापन तथा समन्वयमा भएको कार्यक्रममा मकवानपुरगढी खेलकुद विकास समितिका अध्यक्ष हीरा स्याङ्तानको अध्यक्षतामा प्रतियोगिता भएको हो । कार्यक्रममा गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत राजेन्द्र कार्की, २ नम्बर वडाका अध्यक्ष बखानसिं पाख्रिन, ३ नम्बर वडाअध्यक्ष भागवत घिमिरे, ४ नम्बर वडाअध्यक्ष अर्जुनप्रसाद तिमल्सिना, ५ नम्बर वडाअध्यक्ष दिपेश दाहाल लगायतको आतिथ्यता थियो ।

# मोटरसाइकलको ठक्करबाट प्रहरी जवानको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, १८ पुस/हेटौंडा उपमहानगरपालिकामा मोटरसाइकलको ठक्करबाट प्रहरी जवानको मृत्यु भएको छ । तालिमका क्रममा दौडिरहेका बागमती प्रदेश प्रहरी गण हेटौंडामा कार्यरत डडेलधुराको आलिताल-६ का २५ वर्षीय विनोद एडीको मोटरसाइकलको ठक्करबाट बुधबार मृत्यु भएको हो ।

मोटरसाइकलको ठक्करबाट दुई प्रहरी घाइते भएका छन् । पूर्व-पश्चिम राजमार्गअन्तर्गत् हेटौंडा-११, थानाभऱ्याङमा बुधबार बिहान हेटौंडा बजारबाट नवलपुर तर्फ जाँदै गरेको ना ४३ प २२२ नम्बरको मोटरसाइकलले ठक्कर दिँदा प्रहरी जवान एडी गम्भीर घाइते भएका थिए । उनको उपचारका क्रममा हेटौंडा अस्पतालमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रवक्ता एवम् प्रहरी नायबनिरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिए ।

मोटरसाइकल सडकमा अनियन्त्रित भई पल्टिँदा चालक हेटौंडा-४ का ४१ वर्षीय लक्ष्मण लामा, बागमती प्रदेश प्रहरी गणमा कार्यरत प्रहरी जवान नवराज सार्की र विजय खत्री घाइते भएका छन् । मोटरसाइकल चालक लामाको चितवनमा उपचार भइरहेको प्रहरीले जनाएको छ । प्रहरी जवानद्वय सार्की र खत्री हेटौंडा अस्पतालमा उपचारपछि डिस्चार्ज भएका छन् ।

**ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?**

**अब निराश नहुनुहोस्...**

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।



**हाम्रा विशेषताहरू:**
- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७०४१५, ९८१७२८४६१४, ९८४५६२३५६९

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लास्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम



**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# सुकम्बासी नबनाई सडक फराकिलो पारौं

सर्वोच्च अदालतले बुधबार गरेको एउटा निर्णयले पूर्वपश्चिम राजमार्ग फराकिलो बनाउने कार्यमा डिभिजन सडक कार्यालयलाई बोटो खुलेको छ । डिभिजन सडक कार्यालयले हेटौंडा बजारक्षेत्रमा २५ मिटर सडक विस्तार गर्न गएको असार १० गते राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सूचना प्रकाशन गरी काम अघि बढाउने तयारी थालेपछि क्षतिपूर्ति र व्यवसायीको समस्याको विषयमा घरधनीहरुले सर्वोच्च अदालतमा रिट निबेदन दर्ता गराएका थिए । करिव तीन सय जना घरधनीले दर्ता गराएको रिट निबेदन मंगलबार सर्वोच्च अदालतले एकसाथ खारेजी गरेको छ । हेटौंडा बजारक्षेत्रको २५ मिटर सडक विस्तारसम्बन्धी सर्वोच्च अदालतमा परेको रिट खारेज भएको हो । मंलवार बसेको सर्वोच्च अदालतका न्यायधीश सारङ्गा सुवेदी र न्यायधीश सुनिलकुमार पोखरेलको संयुक्त इजलासले सडक विस्तार सम्बन्धमा दर्ता भएका सम्पूर्ण रिटहरु खारेज गर्ने निर्णय गरेको हो । न्यायधीशद्वय सुवेदी र पोखरेलको संयुक्त इजलासले गत असार ३१ गतेदेखि साउन २४ सम्ममा दर्ता भएका हेटौंडा बजारक्षेत्रअन्तर्गत गर्ने राजमार्गको सडक विस्तारविरुद्धका ३०० बढी रिट निवेदकका ३२ वटा रिट निबेदन खारेज गर्ने निर्णय गरेको हो ।

यो आदेशको पूर्णपाठ आउन केही महिना लाग्नसक्ने भएकोले फैसलामा के भनिएको छ यकिन गर्न नसकिने तर, गत असार ३१ देखि साउन २४ सम्मको रिट निबेदन खारेजीले सडक फराकिलो बनाउने बाटो खुलेको कानूनबिदहरुले बताएका छन् । राज्यले कुनैपनि ब्यक्तिलाई सुकुम्बासी बन्ने बाटोमा लैजाने छैन भन्ने मान्यता नेपालको संविधानमा उल्लेख गरिएको छ । सडक चौडा बनाउने कार्यमा कुनैपनि ब्यक्तिको बासस्थान नै गुम्ने अवस्था आउन नदिनका लागि तीनै तहका सरकारले ध्यान दिनु जरुरी छ । नागरिकलाई सुकुम्बासी नबनाइकनै सडक फराकिलो बनाउने उपाय खोजी गर्ने पर्छ । सर्वोच्चले यसअघिका फैसलामा मुआब्जा नपाएकाहरुको हकमा मुआब्जा उपलब्ध गराउनू भन्ने फैसला पनि गरेको छ । त्यसैले कसले मुआब्जा पाएका छन् र कसले लिन बाँकी रहेको छ ? भन्ने कुरा डिभिजन सडकलगायतका निकायसँग तथ्यांक हुनुपर्छ । स्थानीय सरकारको रुपमा हेटौंडा उपमहानगरपालिकाले आवश्यक पहल र समन्वय गरिरहेको उपमहानगरले बताएको छ ।

हेटौंडा बजारक्षेत्रको मुख्य सडकको २५-२५ मिटर विस्तार गर्न उपमहानगरका जनप्रतिनिधि एकमत छन् । हेटौंडा उपमहानगरपालिकाको १३ औं नगरसभाको दोस्रो बैठकमा पेश भएको सडक विस्तारसम्बन्धी विशेष प्रस्ताव सर्वसम्मतले पारित गरेको थियो । हेटौंडाको मुख्य राजमार्गमा पर्ने सडक दायाँबायाँ २५-२५ मिटर विस्तार गर्न संघीय सरकार मातहतको सडक डिभिजन कार्यालय हेटौंडाले गएको असारमा सूचना जारी गरेको थियो । सूचना जारी भएपछि हेटौंडामा सडक विस्तारले व्यापक चर्चा बटुलिरहेको छ । लामो समयदेखि चर्चामा रहेको हेटौंडा बजारक्षेत्रको सडक विस्तारका लागि अदालतको फैसला पछि सडक फराकिलो हुने सम्भावना बढेको छ । हेटौंडा बजारको मुख्य सडक विस्तार गर्ने योजना आजभन्दा तीन दशक अघिकै हो । तर, यतिका वर्षसम्म पटक-पटक सडक विस्तारको सूचना निक्लियो सडक फराकिलो बन्न सकेको छैन । एसियाली विकास बैंकको लगानीमा विस्तार तथा निर्माण हुने पूर्वपश्चिम राजमार्जको हेटौंडा बजारक्षेत्रका लामो सयमदेखि विवाद रहँदै आएको थियो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० पुस २० गते शुक्रबार, ५ जनवरी २०२४ । नवमी, पौष कृष्णपक्ष । थिलागा ११४४ ने.सं. । सूर्योदय ६:५७, सूर्यास्त ५:२१ । श्री गुरु गोविन्द सिंह जयन्ती

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : स्वास्थ्य बिग्रन सक्ने | तुला | : निर्माण कार्यमा प्रगति |
| वृष | : रमाइलोगरि समय बित्ने | वृश्चिक | : सामाजिक काममा सफलता |
| मिथुन | : राजनीतिमा प्रगति हुने | धनु | : सन्तानबाट खुशी मिल्ने |
| कर्कट | : शारीरिक परिश्रम गर्नुपर्ने | मकर | : व्यापारमा केही हानि हुने |
| सिंह | : पढाइमा प्रगति हुने | कुम्भ | : शत्रु पराजित हुने |
| कन्या | : विश्वासमा संकट आउने | मीन | : मानसम्मान बढ्ने |

# पपुलिजम् अर्थात् मस्तिष्कविहीन हृदय



✍ मनिकर कार्की

केही दिनअघि ललितपुरको बालकुमारीमा कोरिया भाषा परीक्षा सम्बन्धी आवेदन विवादको विषयलाई लिएर युवाले प्रदर्शन गरे । समाचार हरूमा जनाइए अनुसार करिब तीन हजार युवाले नाराबाजी सहित प्रदर्शन गरेका थिए । सोही क्रममा प्रदर्शनकारीले आगजनी गरी मन्त्री प्रकाश ज्वाला चढेको मोटर जलाइदिए । मन्त्रीको मोटर आगजनी हुनबाट बचाउन नसकेको प्रहरीले संयमता गुमाएर भीड नियन्त्रण गर्न गोली चलाउँदा दुई जना युवाको मृत्यु भयो ।

सो घटनापछि अहिले सामाजिक सञ्जाल र सञ्चारमाध्यमहरूमा विभिन्न कोणबाट बहस भइरहेको छ । कतिपय टिप्पणीकर्ताले सरकारले दुई युवाको 'हत्या' गरेको आरोप लगाउँदै तत्काल गृहमन्त्रीको राजीनामा मागेका छन् । उता सरकारले भने घटनाको छानबिनका लागि उच्चस्तरीय छानबिन आयोग बनाउने र मृतकका परिवारलाई १० लाख दिने निर्णय गरेको छ । सो घटनापछि राजनीतिक दलहरूले पनि आ-आफ्नै विश्लेषण सहित विज्ञप्ति जारी गरेका छन् ।

कतिपयले घटनाको निष्पक्ष र स्वतन्त्र छानबिनको माग गरेका छन् भने कतिपय र ाजनीतिक दलहरूले सरकारलाई 'व्यक्तिहत्या'को आरोप पनि लगाएका छन् ।

बालकुमारीको घटना अकल्पनीय र खेदजनक घटना हो । अनि सो घटना घट्नुमा प्रहरी प्रशासनको कमजोरी पनि स्पष्टै देखापर्छ । राजधानीमै एकाध हजार युवाले गरेको प्रदर्शनलाई संयमित भएर विना मानवीय क्षति नियन्त्रण गर्न नसक्नु प्रहरीको लाचारी हो । त्यति सामान्य घटनालाई नियन्त्रण गर्ने क्षमता गुमाउनु प्रहरी प्रशासनको कमजोरी हो । जब बिहानैदेखि प्रदर्शन हुन सुरु हुँदै थियो भने आवश्यक थप सुरक्षाकर्मी प्रबन्ध नगर्नु अर्को कमजोरी थियो ।

हो, केही प्रदर्शनकारीले सरकारी सवारी साधनमा आगजनी गरेर सार्वजनिक सम्पत्तिमा नोक्सानी पुऱ्याए । त्यो उनीहरूको गल्ती हो, जुन गल्तीको कानुनी उपचार पनि हुन्थ्यो र छ । तर, त्यही बहानामा प्रदर्शनकारीहरू नै हताहती हुने गरी अत्यधिक बल प्रयोग गर्नु प्रहरीको गैरजिम्मेवारी हो । यो सुरक्षा कमजोरी हो । यसर्थ, उक्त घटनालाई सरकारका अन्य कमि-कमजोरीसँग जोडेर बदख्वाईं गर्नु चैं राजनीतिक बेइमानी हुनेछ । निश्चय नै सरकारका कमि-कमजोरीका लागि आलोचना गर्ने अनेक प्रसंग र प्लेटफर्महरू छन् । तर, बालकुमारी घटनामा राजनीति गर्नु चैं किमार्थ सही होइन ।

जुन कुरा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले उत्तेजित शैलीमा सामाजिक सञ्जाल मार्फत पार्टीपंक्तिलाई आन्दोलित हुन आफवान गरेको प्रसंगबाट उजागर हुन्छ । उनले बालकुमारीमा भएको आकस्मिक एवं खेदजनक घटना माथि गर्न खोजेको राजनीतिकरणले नयाँ भन्नेहरूको पूर्वाग्रही एवं मौकापरस्त चिन्तन उजिल्याइदिएको छ । किनकि रविजीले सरकारको 'नालायकीपन' भन्दै बालकुमारी घटनासँग नक्कली भुटानी शरणार्थीदेखि वाइडबडी जहाज खरिद, सुनकाण्ड, ललितानिवास हुँदै निर्माणाधीन बुटवल-नारायणगढ सडकखण्ड निर्माणमा भएको ढिलासुस्तीसम्मलाई एकैठाउँमा राखेर प्रश्न गरेका छन् ।

उनले बालकुमारी घटनापश्चात् पीडितका परिवारको दु:खद् अवस्थाको चित्रण गर्दै भनेका छन्- 'यी त सरकारका नालायकीपनका केही प्रतिनिधि काण्ड हुन् । हुँदाहुँदा, पेट पाल्न विदेश जान्छु भन्ने गरिब श्रमिकलाई बीच सडकमा गोली हान्ने ?' रवि लामिछानेले सामाजिक सञ्जाल मार्फत नै 'देशको दुर्गति बनाउनेहरूको भण्डाफोर' गर्ने घोषणा गर्दै रास्वपाले देशभर विरोध कार्यक्रमहरू सुरु गरेको बताएका छन् । रविजीको पछिल्लो अभिव्यक्ति जे बिक्छ, त्यही बेच्ने 'पपुलिस्ट' शैली हो ।

ठिकै छ, सरकार जनताप्रति जवाफदेही हुनुपर्छ, जनताका समस्या समाधान गर्नका लागि काम गर्नुपर्छ । सरकारलाई जवाफदेही बनाउनका लागि पनि सचेत नागरिकको तर्फबाट आलोचनात्मक चेत जगाउनु आवश्यक हुन्छ । सरकारलाई तथ्य र तर्कले आलोचनात्मक टिप्पणी गर्दा सच्चिएर जनमुखी काम गर्ने अवसर पाउँछ । तर, कुनै फरक पृष्ठभूमि र सन्दर्भमा घटित घटनालाई नै जोडेर सरकार विरुद्ध जनतालाई उक्साउने गरी अभिव्यक्ति दिनु वा कथित आन्दोलनको धमास दिनु चैं किमार्थ उचित होइन । बालकुमारी घटनामा रविजीले त्यही गैर-राजनीतिक मुद्दालाई राजनीतिक रंग दिएर आफ्नो उही प्रचारमुखी 'पपुलिष्ट' चरित्र पुन: उदांगो पारेका छन् ।

पछिल्लो समय सार्वजनिक भएको 'सहकारी ठगी' प्रकरणमा रविजीकै सक्रियतामा खोलिएको ग्यालेक्सी फोरके टेलिभिजन सञ्चालक कम्पनी गोरखा मिडिया नेटवर्क मुछिएको छ । सो कम्पनीका सञ्चालक गितेन्द्रबाबु (जीबी) राई एवं उनको समूहले देशका मुख्य शहरहरूमा सञ्चालित सहकारीहरूका हजारौं बचतकर्ताको रु.७ अर्ब बढी रकम हिनामिना गरेको खबर तथ्य सहित सार्वजनिक भइसकेको छ । तथापि सम्बन्धित निकाय र प्रहरी प्रशासनले प्रभावकारी छानबिन गरी वित्तीय अपराध गर्नेमाथि कानुनी कारबाही र पीडितको बचत फिर्ताका लागि अग्रसरता देखाएको छैन ।

यद्यपि रविजीले त्यसप्रति पटक-पटक अनभिज्ञता प्रकट गरेका छन् । ठीकै छ, कम्पनीले गरेको कसुरमा व्यक्तिलाई मुछ्न नमिल्ला । तर, रवि लामिछाने अहिले सार्वजनिक ओहोदामा बसेको र उनी एक राजनीतिक दलको प्रमुख भएको नाताले कानुनी र नीतिगत हेराफेरीमा पनि 'मलाई थाहा छैन' को सहज उत्तरबाट उम्किन सक्दैनन् । उनी जोडिएको मात्र होइन, उनकै अग्रसरतामा खोलिएको संस्थाले आर्थिक हिनामिना गरेको कुरा सार्वजनिक भइसकेपछि त्यसको यथोचित छानबिनमा सघाउनु उनको सार्वजनिक दायित्व पनि हो । यदि जो-कोही पनि कानुनी रूपमा दोषी देखिन्छ भने ऊ सजायको भागीदार बन्नैपर्छ । झन् दोषी छैन भने त कानुनी उपचारबाट क्लिन चिट लिनु अझ बढी श्रेयस्कर हुनेछ ।

हुन त रवि लामिछानेले राजनीतिमा जसरी उडान भरे, त्यो आफैँमा 'पपुलिष्ट' कदम नै थियो । विगतमा सत्ता-संघर्षका अनेकन् घटनाबाट दिक्क भएका जनतामा मौजुदा दल र राजनीतिप्रति बढ्दै गएको असन्तुष्टिलाई रवि लामिछानेले आफ्नो 'ढोक्सा'मा पार्न सफल भए । उनको अहिलेको राजनीतिक सफलताको पछाडि उति ठूलो इतिहास र संघर्षको च्याप्टर छैन । बस् टेलिभिजन कार्यक्रम सञ्चालनका दौरान प्राप्त गरेको ख्याति र लोकप्रियतालाई उनले पूँजीकृत गरेका मात्रै हुन् । उनले कार्यक्रम सञ्चालनका दौरान तत्कालीन राज्य संयन्त्रका कमि-कमजोरी खरो रूपमा औंल्याए । राजनीतिक नेतृत्वको स्वार्थमुखी चरित्रलाई उदांगो पारिदिए । त्यति मात्र होइन, घटनाविशेषमा जनताका छोराछोरीले पाएको दु:ख, कष्ट र पीडालाई उजिल्याउँदै जिम्मेवार निकायको जवाफदेहिता खोजिदिए ।

टेलिभिजन मार्फत उनले 'जनताको आवाज' बोले । अनि सहाराविहीन जनता उनै रविलाई आफ्नो सहारा ठान्न थाले । रविले पनि क्रमश: आफ्नो रफ्तार बढाउँदै गए, किनकि उनलाई केवल प्रश्न सोधिदिए पुग्दथ्यो । उनलाई उत्तरको खोजी जरुरी थिएन । अनि समस्या उजिल्याए पुग्थ्यो, समाधान प्रेस्क्राइब गर्नुपर्ने दरकार थिएन । फेरि आम मनोविज्ञानले पनि सकारात्मकता भन्दा नकारात्मकता नै बढी खोज्दछ । रवि लामिछानेले पनि आफ्ना कार्यक्रमहरू मार्फत त्यही 'नकारात्मकता' लाई नै पस्किने काम गरे । विषयवस्तुको संवेदनशीलतालाई उछालेर प्रश्न सोध्ने र हरेक घटनामा 'न्यायाधीश' बनी दलिल पेश गर्ने उनको शैली चर्चित पनि बन्यो ।

त्यही शैलीले उनको लोकप्रियता बढ्यो । देश-देशावरमा रहेका नेपाली उनका फ्यान बने । उनलाई कसैले सांसद, कसैले मन्त्री त कसैले प्रधानमन्त्रीको रूपमा पनि देख्न थाले । संभवत: उनले त्यही ख्याति र लोकप्रियतालाई 'क्यास' गर्दै राजनीतिमा आए । राजनीतिमा आएसँगै उनले उस्तै चर्का कुरा र आफ्नो 'मिडिया स्कूपिङ'को शैलीलाई भने बरकरार राखिरहे । उनको चर्चा, परिचर्चा चुलिँदै गयो । मुलुकमा दलहरूले प्रतिबद्धता गरे अनुरूपको आर्थिक एवं सामाजिक रूपान्तरण भएन । बढ्दो श्रम शक्तिलाई स्वदेशमै अवसर सिर्जना हुन सकेन । मुलुकको आन्तरिक उत्पादनमा बढोत्तरी हुन सकेन । अर्थतन्त्रको रक्त-कोषिकामा उत्पादन बेगरको व्यापार मात्रै देखापर्‍यो ।

श्रम बजारमा प्रवेश गर्ने नयाँ पुस्तालाई गतिलो र सुरक्षित रोजगारीको व्यवस्था हुन सकेन । अनि ती नयाँ पुस्ताको एक मात्र सपना विदेशयात्रा हुनपुग्यो । सक्नेले अध्ययनका लागि छोराछोरी विदेश पठाए, नसक्नेहरू मलेशिया र अरबको श्रमबजारमा बेचिन पुगे । उता विदेशिएको ठूलो पंक्तिको बलियो उपस्थिति भर्चुअल दुनियाँमा बढ्दै गयो । उनीहरूको उपस्थितिसँगै त्यसको प्रभाव घर, परिवार र समाजमा पनि बढ्यो । त्यही भर्चुअल प्रभावलाई 'क्यास' गर्दै केही व्यक्ति र दलहरू राजनीतिमा उदाए ।

उनीहरूले आफ्ना हरेक गतिविधि र निर्माण गर्ने भाष्य त्यही सामाजिक सञ्जाल मार्फत स्थापित गरे । फेरि सामाजिक सञ्जालमा आक्रोश र असन्तुष्टि पोख्न सहज पनि भयो । प्रविधिले व्यक्तिको उपस्थिति र पारिस्थितिकीय अवस्था भन्दा उसको लेखाइ र बोलीलाई नै मुख्य बनाइदियो । परिणामस्वरूप मौजुदा दल र नेतृत्वप्रति व्यापक वितृष्णा सिर्जना गरियो । अब मान्छेले निर्धक्क र विना कुनै संकोच असन्तुष्टि पोख्न थाले । र, त्यही 'सामाजिक सञ्जाल' मार्फत नै विकल्पको खोजी सुरु भयो ।

अनि त्यही सञ्जाल मार्फत नै 'देश बनाउने स्किम र योजना'हरू सार्वजनिक हुन थाले । आखिर जे गर्नु थियो, त्यही सञ्जाल मार्फत न गर्नु थियो । अनेकन् बान्की र क्लेवरमा 'देश बनाउनेहरूको ठूलो जमात' सञ्जाल मार्फत नै तयार भयो । स्वाभाविक रूपमा सञ्जालमा जसको सक्रियता बढी छ, उसैले विकल्पको पनि बाजी माऱ्यो ।

यसै पनि समाजको चरित्र बरालिने खालकै हुन्छ । उदाहरणका लागि कुनै पनि आन्दोलन वा संघर्षका नाउँमा जब सडकमा केही मानिस निस्किन्छन् तब त्यो विस्तारै भीडमा परिणत हुन्छ । जब मानिस भीडमा हुन्छ, तब उसको विवेकको स्थान उत्तेजनाले लिन्छ । आखिर मानिसमा भएको भनिने विवेक केवल आदर्श न हो । सहनशीलता चैं केवल शान्त भएको बेला देखिने पर्दा मात्रै हो । जब पर्दा उघ्रिन्छ, तब मान्छेको क्रूरता नजर पर्छ । वास्तवमा मानिस भावनामा बहकिन्छ र बहकिएपछि नै अनेकन उपद्रव गर्न पुग्छ ।

अब एकछिन त्यसैगरी सामाजिक सञ्जालमार्फत उदाएका काठमाडौं महानगरका मेयर बालेन शाहको चर्चा गरौं । उनले महानगरमा गरेका केही शैक्षिक एवं प्रशासनिक सुधारलाई सकारात्मक मान्नुपर्छ । उनले आफ्नो चुनावी एजेण्डामा मूलत: काठमाडौंको फोहोर व्यवस्थापन र सौन्दर्यकरणलाई उठाएका थिए । फोहोर व्यवस्थापनमा केही अस्थायी प्रगति भएसँगै काठमाडौं सफा, सुन्दर र व्यवस्थित बन्दै गएको अनुभूति गर्न सकिन्छ । तथापि काठमाडौं महानगरले नाक जोडिएको ललितपुर महानगर तथा वरिपरिका अन्य स्थानीय तहहरूलाई साथमा लिएर काम गर्न सकेको देखिदैन । जबसम्म काठमाडौं उपत्यकाभित्रका सबै स्थानीय तहहरूले फोहोरमैला व्यवस्थापनमा एकीकृत प्रयत्न गर्दैनन् काठमाडौंमा उत्सर्जन हुने फोहोरमैलाको वैकल्पिक एवं दीर्घकालीन व्यवस्थापन हुनसक्ने छैन ।

उता सौन्दर्यकरण भन्दै सडकछेउ गमला राख्नेदेखि रंगरोगनसम्मका कामहरू भइरहेका देखिन्छन् । काठमाडौंका साँघुरा फुटपाथ र कतिपय आकाशेपुलको रेलिङमा समेत फूलका गमला देखिएका छन् । निश्चय नै यो हेर्दा राम्रै देखिन्छ । तर, यसले पैदलयात्रीहरूलाई भने थप सकस भएको अनुभूति हुन्छ । जस्तो कि आकाशेपुलको रेलिङ छेउमा गमला राखिदिंदा रेलिङ समाएर हिंड्न नमिल्ने भएको छ । त्यस्तै फूटपाथका गमलाले पनि पैदलयात्रीलाई निस्फिक्री भएर हिंड्न मिलेको छैन ।

त्यसो त फूललाई सुन्दरताको मानक ठानियो । अनि वातावरण सुन्दर बनाउने नाउँमा जताततै फूलकै मात्र उपयोग हुन थाल्यो । बगैंचामा फूल, सडक डिभाइडरमा फूल, फुटपाथमा फूल, घरको आँगनमा फूल, छतमा फूल, यत्रतत्र फूलैफूल । अहा ! विस्तारै काठमाडौं अब मन्दिरै मन्दिरबाट फूलैफूलको शहर बन्नेभो ! गज्जब राम्रो कुरा, फूलैफूलको सुन्दरता ! तर, के सुन्दरता फूलमा मात्रै भेटिन्छ ? अनि सौन्दर्यकरण भनेको रंगरोगन र फूल फुलाउनु मात्रै हो ? त्यहाँ जीवन चाहिँदैन ? त्यहाँ मान्छेको जीविका चाहिँदैन ? वास्तवमा सौन्दर्यको अर्थ केवल फूल र बगैंचा मात्र होइन, करेसाबारीको उत्पादन पनि हो भन्ने बिर्सनुहुँदैन ।

मलाई लाग्छ, शहर सुन्दर मात्र हैन, जीवन्त पनि हुनुपर्छ । त्यसैले काठमाडौंको यो सौन्दर्यकरणले हजारौं निमुखा जनताको रोजीरोटी खोसिदिएको तथ्य पनि बिर्सन मिल्दैन । काठमाडौंको सौन्दर्यकरणको डोजरले हजारौं गरि खाने जनताको सम्पत्ति कबाड बनाएका दृश्यहरू छरपस्टै छन् । कुनै जघन्य अपराधी र तस्कर लाई लखेटे जसरी गल्ली-गल्लीमा सडक वा घरदैलो व्यापारीलाई लखेटेका अनेकौं दृश्य सञ्जालहरूमा सुरक्षित नै छन् । के तिनलाई काठमाडौंको सुन्दरतामा रमाउने हक छैन ? हो, काठमाडौं लगायत सबै शहर सुन्दर अनि व्यवस्थित हुनुपर्छ । तर, त्यहाँका जनताको गरिखाने अवसरको मूल्यमा भने किमार्थ हैन ।

यी सबै गतिविधिले मुलुकमा फस्टाउँदै गएको 'पपुलिजम्' को संकथनलाई नै पुष्टि गर्दछ । तर, यसको सहाराले गरिने राजनीतिले समस्याको दिगो समाधान दिंदैन । राजनीतिशास्त्रमा पपुलिजम् एउटा यस्तो अवधारणा हो, जसले पारम्परिक राजनीतिक संस्कार र संस्थापनको विरुद्ध जनतालाई भड्काउन मद्दत गर्छ । किनकि यसमा मूलत: भावना हावी हुन्छ, मस्तिष्क हैन । भावनाले मान्छेलाई उराल्ने र भड्काउने काम गर्छ ।

पपुलिस्ट दल र नेतृत्वले आफूलाई 'जनताको आवाज'को रूपमा उभ्याएको दावी गर्दछ । तर, उसले यसो गर्नुको पछाडि चर्चा र प्रशंसाको अवसरलाई ग्रहण गर्नु हो । यसर्थ, जनताको भावना उराल्दै संस्थापन पक्षका विरुद्ध अभियान छेड्नु नै पपुलिस्ट कार्यनीति हो । पपुलिजम् राजनीतिक स्केल (पोलिटिकल स्पेक्ट्रम) को दायाँ या बायाँ दुवैतर्फ ढल्केको हुन्छ । दायाँतिर ढल्केको 'राइट-विङ पपुलिजम्' र बायाँतिर ढल्केको 'लेफ्ट-विङ पपुलिजम्' । अहिले नेपालको पपुलिजम् चैं दायाँतिर ढल्केको प्रतीत हुँदैन ।

अर्थशास्त्री पाउल कोलियरले पपुलिजम् र विचारधारा -आइडियोलोजी) लाई यसरी संश्लेषण गरेका छन्- 'पपुलिजम्ले मस्तिष्कविहीन फदय (हेडलेस हर्ट) बोकेको हुन्छ भने आइडियोलोजीले फदयविहीन मस्तिष्क (हर्टलेस हेड) बोकेको हुन्छ ।' निश्चय नै विचारले 'कारण' खोज्छ । यसले घटना वा विषयको गहिराइसम्म पुगेर कारण उत्खनन् गरी मानवीय मूल्य, मान्यता र विवेकको वकालत गर्दछ । पपुलिजम्ले भने विषयको गहिराइमा भन्दा पनि सतह वरिपरि समाधानको उपाय खोजेको हुन्छ ।

समकालीन नेपाली राजनीतिमा 'विकल्प' दिन भन्दै उदाएका दल र नेतृत्वको बोली, व्यवहार र शैली अनि मुलुकमा निर्माण हुँदै गएको 'विकल्प'को भाष्यले त्यही 'सतही उपाय'लाई औंल्याएको प्रतीत हुन्छ । यस्तो उपाय साँचो अर्थमा मौजुदा आर्थिक-सामाजिक रूपान्तरणको जेलिंदै गएको गाँठो फुकाउने 'विकल्प' चाहिं बन्न सक्दैन । *(साभार: अनलाइनखबर)*

# जलवायु परिवर्तन र मानव अधिकारबिचको साइनो

✍ रितेश पन्थी

संयुक्त अरब इमिरेट्समा २८ औँ कोप समिट सकिएको छ । जलवायु परिवर्तनको मुद्दामा बहस हुने यो कोप (कन्फरेन्स अफ पार्टिज) प्रत्येक वर्ष विभिन्न राष्ट्रमा हुने गर्छ । कोप २७ अघिल्लो वर्ष इजिप्टमा भएको थियो । हाल ३० नोभेम्बरदेखि १२ डिसेम्बरसम्म चल्ने कोप २८ मा हालसम्मकै ठुलो २०० राष्ट्रका प्रतिनिधिको उपस्थिति भएको भनिन्छ । यसले के देखाउँछ भने विश्वका राष्ट्रहरू अब जलवायु परिवर्तनको मुद्दालाई लिएर गम्भीर छन् । यस्तो महत्त्वपूर्ण सम्मेलनमा विश्वका दुई आर्थिक र सैनिक महाशक्तिको साथै मुख्य जलवायु परिवर्तनमा मुख्य भूमिका निभाउने मुलुकको नेतृत्व अमेरिकाको जो बाइडन र चीनको राष्ट्रपति सी चिनफिङ भने उपस्थित भएनन् । यसले दुई राष्ट्र अझ पनि यस मुद्दामा गम्भीर नभएको हो कि भन्ने संशय उत्पन्न गराएको छ ।

जलवायु परिवर्तन हाल विश्वको चिन्ताको विषय बनेको छ । नेपालबाट प्रधानमन्त्रीस्तरमा यसपालिको उपस्थितिले हामी पनि अत्यन्तै गम्भीर र प्रताडित छौँ है भनेर सन्देश दिएको छ । कोप सम्मेलनको दौरान यसपालि नेपालको आफ्नै छुट्टै कोठामा विभिन्न बैठक डाक्ने, राउन्ड टेबलको अध्यक्षता गरेको, राष्ट्रसैको महासचिव बोल्नु र छलफल गर्नेसमेत गरेको थियो । यस लेखमा जलवायु परिवर्तन र यसले पार्ने मानव अधिकारमा प्रभावको सन्दर्भमा चर्चा गर्न खोजिएको छ ।

### जलवायु परिवर्तन र यसको प्रभाव

जलवायु परिवर्तनको विषयले हाल विश्व आक्रान्त छ । इसिमोडको प्रतिवेदन अनुसार जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रमा बसोवास गर्दै आएका २५ करोड तथा नदी किनारमा बस्दै आएका एक अर्ब ६५ करोड नागरिक सबैभन्दा बढी प्रभावित हुने औँल्याएको छ । जलवायु परिवर्तनका कारण विश्वव्यापी रूपमा तापक्रमको वृद्धि भइरहने हो भने सन् २१०० सम्म दुई तिहाइभन्दा बढी हिमनदी पग्लिएर सकिने तथ्याङ्कसहितको प्रतिवेदन सार्वजनिक भएको छ । इसिमोडले पाँच वर्ष लगाएर गरेको अध्ययनअनुसार जलवायु परिवर्तनलाई न्यूनीकरण गर्न भएका प्रयास असफल भएको खण्डमा केही हिमनदी पग्लिएर पानीको हाहाकार हुने र जनजीवनसमेत प्रभावित हुने देखिएको छ ।

हरितगृह ग्यासको विश्वव्यापी उत्सर्जनमा नेपालको योग्दान वार्षिक ०.०२७ प्रतिशत छ । इसिमोडको प्रतिवेदन अनुसार नेपाल, तिब्बत र भारतमा सम्भावित खतरनाक हिमताल ४७ वटा भएको भनिन्छ । जसमा ४२ वटा कोसी जलाधार, ३ वटा गण्डकी जलाधार र २ वटा कर्णाली जलाधारमा छन्रु। नेपालतर्फका २१ वटा हिमताल भने कुनै पनि बेला फुट्न सक्ने कुरा औँल्याएको थियो । जल तथा मौसम विज्ञान विभागको अध्ययन (१९७१-२०१४) अनुसर नेपालमा वार्षिक ०.०५६ डिग्री सेल्सियसले तापक्रम बढिरहेको छरु। सन् २०१७ को अध्ययन अनुसार यो दर हिमाली क्षेत्रमा ०.०८६ डिग्रीसम्म छरु। ग्लोबल क्याइमेट रिस्क इन्डेक्सको सन् २०२१ को रेकर्ड अनुसार नेपाल जलवायु परिवर्तनबाट अति प्रभावित राष्ट्रमध्य विश्वको १० औँ राष्ट्रमा परेको छ ।

### मानव अधिकारमा पार्ने असर

जलवायु परिवर्तन मानव जातिका लागि सबैभन्दा ठुलो स्वास्थ्य खतरा हो । वायु प्रदूषण, रोग, चरम मौसमी घटना, जबरजस्ती विस्थापन, मानसिक स्वास्थ्यमा दबाब र मानिसहरू बढ्न वा पर्याप्त खाना पाउन नसक्ने ठाउँमा बढ्दो भोक र खराब पोषणमार्फत जलवायु प्रभावले स्वास्थ्यलाई हानि पुऱ्याएको हुन्छ । जलवायु परिवर्तनले मानव अधिकारमा निम्नअनुसारका गम्भीर असर पार्ने देखिन्छ-

जीवनको अधिकार : नेचर मेडिसिन जर्नलमा प्रकाशित एक लेखअनुसार सन् २०२२ मा युरोपमा मात्र ६१,००० को ज्यान अत्याधिक गर्मीका कारण गएको पाइन्छ । क्यानडामा सन् २०२१ को जुन २५ देखि जुलाई १ सम्म भएको अत्यधिक गर्मीमा ६१९ जनाको ज्यान गएको थियो । विश्व स्वास्थ सङ्गठनको अध्ययनअनुसार ३.६ अर्ब मानिस अहिले नै जलवायु परिवर्तनको लागि अति संवेदनशील स्थानमा बस्छन् । सन् २०३० र २०५० को बिचमा जलवायु परिवर्तनले निम्त्याउने विपत् जस्तै कुपोषण, मलेरिया, झाडापखला र अत्यधिक गर्मीकै कारण वार्षिक २,५०,००० को मृत्यु हुने अनुमान गरिएको छ । नेपालमा पनि राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले तयार पारेको मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना- २०७९ मा ५,८२५ वटा पहिरो र भारी वर्षाका घटनामा २,३६२ को मृत्यु भएको तथ्याङ्क छ ।

*क्रमश: पृष्ठ-३....*

# शिक्षकको अडान : स्थानीय तहमा नजाने, राजनीति नछाड्ने

काठमाडौं/नेपाल शिक्षक महासंघले 'विद्यालय शिक्षा सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक २०८०' माथि ६५ बुँदामा संशोधन माग गरेको छ । जिल्ला शिक्षा कार्यालयलाई अझै शक्तिशाली बनाउनुपर्ने र राजनीतिक अवद्धता केही खुकुलो बनाउनुपर्ने माग शिक्षक महासंघको छ ।



विद्यालय शिक्षा विधेयकमा छलफल गरिरहेको प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिले बुधबार शिक्षक महासंघका पदाधिकारीहरुलाई बोलाएको थियो । सिंहदरबारस्थित समितिको सभा कक्षमा बसेको बैठकमा महासंघकी अध्यक्ष कमलादेवी तुलाधर, महासचिव तुलसीराम सुवेदी लगायतका पदाधिकारीहरु उपस्थित थिए ।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री अशोककुमार राईले २७ भदौ २०८० मा संसदमा विद्यालय शिक्षा विधेयक दर्ता गरेका थिए । लगत्तै, शिक्षकहरूले देशभरका विद्यालयमा पठनपाठन रोकेर काठमाडौं केन्द्रित आन्दोलन गरेका थिए । आन्दोलन फिर्ता गराउन सरकारले शिक्षक महासंघसँग असोज ५ गते ६ बुँदे सम्झौता गरेको थियो भने राहत शिक्षकले चित्त नबुझाएर आन्दोलन जारी राखेपछि १२ असोजमा अर्को सम्झौता गरेको थियो ।

आफूहरुसँग भएको सम्झौता अनुसार विधेयक परिमार्जन हुनुपर्ने माग राख्दै महासंघले विधेयकको कुन दफामा के संशोधन गर्नुपर्छ भनेर लिखित रुपमै समिति सभापति भानुभक्त जोशीलाई बुझाएको छ ।

### शिक्षकलाई संघीय सरकार मातहत राख्नुपर्ने अडान यथावत

विद्यालय शिक्षा विधेयकमा हुनुपर्ने संशोधनको सूची संसदीय समितिका सभापतिलाई बुझाउनुअघि शिक्षक महासंघका पदाधिकारीहरुले बैठकमा ब्रिफिङ गरेका थिए ।

महासंघकी अध्यक्ष तुलाधरले संविधानमा उल्लिखित विषयहरु अभ्यासमा बेठीक लागे संशोधन गर्दै जान सकिने भन्दै त्यसको पहल लिन सांसदहरुलाई आग्रह गरिन् ।

'आफैंले बनाएको संविधान संशोधन गरौंभन्दा अप्ठ्यारो लाग्नसक्छ, तर अभ्यासका आधारमा संशोधन गर्दै जान सकिने व्यवस्था संविधानमै छ । अब यसअनुसार जान तयार हुनुपर्छ', उनले भनिन्, 'यस (संविधान कार्यान्वयनको ८ वर्ष) अवधिमा शिक्षकहरु स्थानीय तह मातहत रहनसक्ने वातावरण सिर्जना हुन सकेन ।'

स्थानीय सरकार मातहत राखिए शिक्षकको सरुवा, बढुवा, कारबाही र मुल्यांकनको अधिकार जनप्रतिनिधिहरुबाट दुरुपयोग हुन सक्ने उनको दाबी छ । 'शिक्षकलाई स्थानीय सरकार मातहत राखे दुरुपयोग हुने खतरा छ । कारबाही हुनुपर्नेले छुट पाउने, निर्दोष कार बाहीमा पर्ने र दोषीको ढाकछोप हुनसक्छ' उनले भनिन् ।

शिक्षक महासंघले 'संघबाट स्वीकृत शिक्षक दरबन्दी स्थानीय तहमा हस्तान्तरण नहुने र संघीय तहमा नै रहने' व्यवस्था गर्न सांसदहरुसँग माग गरेको छ ।

संविधानले आधारभूत र माध्यमिक शिक्षालाई स्थानीय सरकारको एकल अधिकार मानेको छ । तर सरकारले माध्यमिक शिक्षा विधेयकमा ल्याउँदा स्थानीय तहले पाउनुपर्ने अधिकार आफू मातहत राख्ने प्रयास गरेको देखिन्छ । त्यसमा टेकेर शिक्षक महासंघले संविधान संशोधन गरेर भएपनि संघीय तहमै राख्न मागेको छ ।

महासंघका महासचिव सुवेदी संविधानमा त्रुटि भएको निष्कर्षमा आफूहरु रहेको बताउँछन् । 'संविधान निर्माणका क्रममा अनुसूची ८ मा शिक्षालाई जसरी राखियो, त्यो गलत थियो', सुवेदीले भने, 'कुनै पनि संघीय मुलुकमा नभएको व्यवस्था हाम्रोमा राखिएछ । यसका विरुद्ध हामी निरन्तर लडिरहन्छौं ।'

### जिल्ला शिक्षा कार्यालयलाई थप अधिकार

सरकारले ल्याएको विधेयकमा सममन्यकारी भूमिका दिएर जिल्ला शिक्षा कार्यालयलाई ब्यूँताइएको छ, शिक्षक महासंघले भने जिल्ला शिक्षा कार्यालयलाई प्रस्तावित व्यवस्थामा भन्दा पनि थप अधिकार दिन माग गरेको छ ।

शिक्षकहरुको कार्य सम्पादन मूल्यांकन, जिल्लाभित्र अन्तरपालिका शिक्षक-कर्मचारीको सरुवा, शिक्षकहरुको बिदा (अध्ययन बिदा, बेतलवी विदा, असाधारण बिदा) स्वीकृतिको अधिकार जिल्ला शिक्षा कार्यालयमा राख्ने प्रस्ताव गरेको छ ।

प्रध्यानाध्यापक नियुक्ति र शिक्षकमाथि विभागीय कारबाही जिल्ला शिक्षा कार्यालयबाटै गर्नुपर्ने महासंघको माग छ ।

प्रस्तावित विधेयकमा 'शिक्षा कार्यालय प्रमुख, सम्बन्धित पालिकाको प्रशासकीय अधिकृत र शिक्षा कार्यालयले तोकेको शिक्षाविद रहेको समितिले प्रध्यानाध्यापक छनोट गर्ने' उल्लेख छ । यसलाई बदलेर 'स्थायी शिक्षकबाट खुला प्रतिस्पर्धा गराई शिक्षक सेवा आयोगको सिफारिसमा जिल्ला शिक्षा कार्यालयले प्रधानाध्यापक नियुक्त गर्ने' व्यवस्था गर्नुपर्ने महासंघको माग छ ।

### राजनीतिक अवद्धताबारे नरम

प्रस्तावित विद्यालय शिक्षा विधेयकले शिक्षकहरुलाई राजनीतिक क्रियाकलापमा संलग्न हुन प्रतिबन्ध लगाएको छ । प्रस्तावित विधेयकको दफा ७३ अनुसार शिक्षकले राजनीतिक दलको सदस्यता लिन तथा राजनीतिक गतिविधिमा संलग्न हुन पाउँदैनन् ।

शिक्षक महासंघले भने प्रस्तावित व्यवस्था वैचारिक आस्था राख्न पाउने अधिकार विपरीत भएको बताएको छ । 'राजनीतिक दलको सदस्यता लिने तथा राजनीतिक गतिविधिमा संलग्न निषेध' गरेको विषय हटाएर राजनीतिक आवद्धताबारे ब्याख्यासहित कानुनी व्यवस्था गरिनुपर्ने माग महासंघको छ ।

'पार्टीका विभिन्न तहका समितिको पदमा रहन, राजनीतिक पद लिन, राजनीतिक चुनाव लड्न र प्रचारमा सामेल हुन नहुने' मात्रै लेखिनुपर्ने शिक्षक महासंघले बताएको छ । 'अन्यथा, कुनै राजनीतिक नेतासँग भेटेको र फोटो खिचेका आधारमा शिक्षकको जागीर जाने भयो । यस्तो अन्याय त शिक्षकलाई गरिनुहुन्न' शिक्षक महासंघका महासचिव तुलसीराम सुवेदीले भने ।

सहकारीमा अवद्ध हुन नपाउने प्रस्तावमा पनि शिक्षक महासंघको विमति छ । शिक्षकहरुको मात्रै समेत सहकारी रहेको उल्लेख गर्दै महासचिव सुवेदीले यस्तो व्यवस्था सान्दर्भिक नरहेको बताए । लेख लेख्न नपाउने, प्रदर्शन र हड्ताल गर्न नपाउने जस्ता विषयमा पनि महासंघ रुष्ट छ । पेसागत हक अधिकारको सुरक्षाको पक्षमा उभिन पाउने ट्रेड युनियन अधिकार शिक्षकहरुका लागि सुरक्षित रहनुपर्ने उल्लेख गर्दै महासंघले भनेको छ, 'पेसागत हक, अधिकार र सुरक्षाको पक्षमा लेख लेख्न र प्रकाशन गर्न पाउने व्यवस्था गर्ने ।'

प्रस्तावित विधेयकमा शिक्षकहरुलाई प्रदर्शन र हड्ताल गर्न प्रतिबन्ध लगाउने प्रस्ताव छ ।

तर यो संविधानको भावना विपरीत भएको भन्दै महासंघले हटाउनुपर्ने माग राखेको छ । शिक्षक्ले दान र उपहार लिन नपाउने भनेको उल्लेख गर्दै महासंघका महासचिव सुवेदीले थपेका छन्, 'विद्यार्थीले जन्मदिनको दिन, गुरु पूर्णिमामा एउटा टोपी ल्याएर दियो भने जागिर जाने ? यस्तो हुन सक्दैन ।'

### शिक्षक काउन्सिलको माग

शिक्षक महासंघले शिक्षक काउन्सिल र शिक्षक अस्पताल स्थापनाका लागि कानुनी व्यवस्था गर्न माग गरेको छ । 'शिक्षक-कर्मचारीको रजिस्ट्रेसन, तालिम र पेसागत विकासमा काम गर्न एक शिक्षण काउन्सिल रहने' शब्दावली विधेयकमा समावेश गरिनुपर्ने माग महासंघले समितिलाई बुझाएको दस्तावेजमा छ ।

प्रेस काउन्सिल, मेडिकल काउन्सिल, नेपाल इन्जिनियरिङ काउन्सिल जस्तै शिक्षक काउन्सिल आवश्यक रहेको महासंघका महासचिव सुवेदी बताउँछन् ।

शिक्षकहरुलाई तालिम प्रदान गर्न हाल शैक्षिक तालिम केन्द्र नामको निकाय छ । शिक्षकहरुको लाइसेन्स परीक्षा भने शिक्षक सेवा आयोगले नै लिँदै आएको छ । शिक्षा विभागमा शिक्षकहरुको र जिस्ट्रेसन हुने गरेको छ । तर महासंघका महासचिव सुवेदी पेशागत विकासको समेत काम गर्ने गरी शिक्षक काउन्सिल चाहिने बताउँछन् ।

शिक्षक महासंघका तर्फबाट समितिमा बुझाइएको ६५ बुँदे सुझावमा भनिएको छ, 'शिक्षकको सुविधायुक्त उपचारको लागि शिक्षक अस्पतालको प्रबन्ध गर्ने ।'

### नेपालीमा पढाउने, एसईई नहटाउने

सरकारले विद्यालय शिक्षा विधेयकमा गणित, विज्ञान र कम्प्युटर अंग्रेजीमा अध्यापन गर्नुपर्ने प्रस्ताव गरेको छ । तर शिक्षक महासंघले नेपालीमा पनि पढाउन सक्ने व्यवस्था गर्नुपर्ने माग गरेको छ । विधेयकमा प्रस्तावित प्रस्तावले शिक्षक उपलब्धता र विद्यार्थीको भाषागत कठिनाइ हुने भन्दै शिक्षक महासंघले 'गणित, विज्ञान र कम्प्युटर विषय अंग्रेजी वा नेपालीमा अध्यापन गर्न सकिने' व्यवस्था गर्न माग गरेको हो ।

एसईई हटाउने सरकारी प्रस्तावको पनि शिक्षक महासंघले विरोध गरेको छ । 'स्तरीकृत परीक्षाको संख्या बढ्दा शैक्षिक गुणस्तरमा सकारात्मक प्रभाव पर्ने भन्दै महासंघले 'प्रदेश तहले गर्ने गरी एसईई राख्नुपर्ने' प्रस्ताव गरेको छ ।

शिक्षक महासंघका महासचिव सुवेदी आफूहरुको संशोधन जस्ताको तस्तै स्वीकार भए शिक्षक र विद्यालय कर्मचारीहरुमा उत्साह सिर्जना हुने र शिक्षण पेशाप्रति आर्कषणका साथसाथै गुणस्तर विकासमा समेत सकारात्मक प्रभाव पर्ने दाबी गरे ।

समिति सदस्य एवं एमाले सांसद विद्या भट्टराई शिक्षकको भोगाइ के कस्तो छ भन्ने प्रकट भएको बताइन् । उनले भनिन्, 'संविधान कार्यान्वयन गर्नका लागि यो ऐन ल्याइएको हुनाले हामी संविधानको मुलभूत मान्यता बाहिर जान सक्दैनौं । शिक्षा राज्यको दायित्व हो, यसलाई पनि ख्याल गर्छौं ।'

*(स्रोत: अनलाइनखबर)*

# जलवायु परिवर्तन र....

मानव अधिकारको विश्वव्यापी घोषणापत्र अनुसार प्रत्येक नागरिकलाई बाँच्न पाउने अधिकार छ भने नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रले समेत हरेक मानिसलाई जीवनको अधिकार छ भनेर लेखेको हुँदा जलवायु परिवर्तनले यसलाई असर गरेको छ ।

स्वास्थ्यसम्बन्धी अधिकार:- मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्रको धारा २५ र आर्थिक, सामजिक र सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा १२ मा प्रत्येक नागरिकलाई शारीरिक र मानसिक स्वास्थ्यको उच्चतम स्तरको उपभोगको अधिकार छ । मानसिक तनाव, विस्थापन, जीविकोपार्जनको हानिले चिन्ता, अवसाद, र पोस्ट-ट्रमाटिक तनाव विकारमा योगदान दिन सक्छ । यसले मानसिक स्वास्थ्यलाई नकारात्मक रूपमा असर गर्छ । बाढी, आँधी र जङ्गली आगोले घरहरू र पूर्वाधार ध्वस्त पार्छ । मानिसलाई घरबार विहीन र थप स्वास्थ्य जोखिमको लागि कमजोर बनाउँछ । जलवायु परिवर्तनले मानव स्वास्थ्यका लागि आधारभूत खतरा प्रस्तुत गरेको छ । यसले भौतिक वातावरणका साथै प्राकृतिक र मानवीय प्रणालीका सबै पक्षको साथै सामाजिक र आर्थिक अवस्था र स्वास्थ्य प्रणालीलाई समेत असर गर्छ । जलवायु परिवर्तन सम्बन्धी अन्तर्सरकारी प्यानल (आईपीसी) छैटौं मूल्याङ्कन प्रतिवेदनले निष्कर्ष के निकालेको छ भने जलवायु जोखिम तीव्र रूपमा देखा परिरहेका छन् । पहिलेको अपेक्षाभन्दा चाँडै बढी गम्भीर हुनेछन् । बढ्दो विश्वव्यापी तापसँग अनुकूलन गर्न गाह्रो हुनेछ ।

३. खाद्यसम्बन्धी हक : जलवायु परिवर्तनले खाद्य उत्पादन र वितरणमा बाधा पुऱ्याउँछ । यसले कुपोषण र सूक्ष्म पोषक तत्त्वहरूको कमी, प्रतिरक्षा प्रणालीलाई कमजोर बनाउँछ र रोगहरूको संवेदनशीलता बढाउँछ ।

पानीको अभाव: पिउने र सरसफाइको लागि सफा पानीमा सीमित पहुँचले पानीजन्य रोगहरू र सरसफाइसम्बन्धी रोगहरूको जोखिम बढाउँछ । विश्व भोकमरी सूचकाङ्कको रेकर्डअनुसार एक सय २५ देशको सूचीमा गएको वर्ष ८१ औं स्थानमा रहेको नेपाल यस वर्ष ११ स्थान सुधार गरी ६९ औं स्थानमा आएको छ ।

जलवायु परिवर्तनले खाद्यान्न उपलब्धतामा बाधा पुऱ्याउन सक्छ, खानामा पहुँच घटाउन सक्छ र खानाको गुणस्तरलाई असर गर्छ । उदाहरणका लागि तापक्रममा हुने अनुमानित वृद्धि, वर्षाको ढाँचामा परिवर्तन, चरम मौसमी घटनामा परिवर्तन र पानीको उपलब्धतामा कमीले कृषि उत्पादकत्वमा कमी ल्याउन सक्छ । ग्रामीण जनसंख्या, किसान, साना किसान र माछापालन गर्नेहरू, पशुपालकहरू, आदिवासी जनजातिहरू, न्यून आय भएका घर परिवार, महिला र केटी र विश्वव्यापी दक्षिणका बालबालिका जलवायु-प्रेरित खाद्य असुरक्षा र भोकमरीबाट पीडित हुनेमध्ये सबैभन्दा बढी जोखिममा छन् ।

४. आवासको अधिकार:- मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा २५ र आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा ११.१ मा आवासको हकको व्यवस्था गरिएको छ । इन्टरनेसनल डिस्प्लेसमेन्ट मनिटरिङ सेन्टरको एक अध्ययनअनुसार सन् २०२२ मा मौसम सम्बन्धित खतराले गर्दा लगभग ३ करोड २ लाख आन्तरिक विस्थापन भए जुन सन् २००८ देखि हालसम्म हेर्दा ४१ प्रतिशतले बढेको प्रतिनिधित्व गर्दछ । पाकिस्तानमा सन् २०२२ मा आएको बाढीले ३ करोडभन्दा बढी जनसंख्या प्रत्यक्ष प्रभावित भएको भनिन्छ । झन्डै २० लाखभन्दा बढी मानिसलाई तत्काल सहयोगको खाँचो परेको थियो भने लाखौं घर ध्वस्त भएको थियो । त्यस्तै ८० लाख मानिस विस्थापित हुनपर्यो । यसरी जलवायुजन्य विपत्ले आवासको अधिकारलाई पनि प्रभावित पारेको पाइन्छ ।

५. पानीसम्बन्धी अधिकार:- हिमनदी पग्लनेले सुरुमा पानीको उपलब्धता बढाउँछ । तर अन्ततः पानीको प्रवाह घटाउँछ । लामो समयसम्म पानीको अभावलाई बढाउँछ । हिन्दूकुश पर्वतले विश्वको १ अर्बभन्दा बढीलाई पानीको स्रोतको रूपमा सहज बनाएको छ । बाढी र आँधीले पानीका स्रोतहरू दूषित गर्न सक्छ । पानीको पूर्वाधारमा क्षति पुऱ्याउन सक्छ । सफा पानीको पहुँचलाई थप सीमित गर्न सक्छ । जलवायु परिवर्तन र जनसंख्या वृद्धिका कारण पानीको बढ्दो मागले द्वन्द्व र दिगो पानी व्यवस्थापन अभ्यासहरू निम्त्याउन सक्छ । जलवायु सम्बन्धित प्रकोपले मानिसलाई सफा पानीको सीमित पहुँच भएका क्षेत्रमा स्थानान्तरण गर्न बाध्य पार्छ । बालबालिका, महिला र सीमान्तकृत समुदायहरू पानीको अभाव र सीमित विकास अवसरबाट असमान रूपमा प्रभावित छन् ।

६. विकाससम्बन्धी अधिकार:- लन्डनस्थित ग्लोबल थिङ्क ट्याङ्क ओभरसिज डेभलपमेन्ट इन्स्टिच्युटको प्रतिवेदनले भारतले सन् २०४० सम्ममा वार्षिक रूपमा आफ्नो जीडीपीको ३-१० प्रतिशत गुमाउन सक्ने र जलवायु परिवर्तनका कारण सन् २०४० मा गरिबी दर ३.५ प्रतिशतले बढ्न सक्ने देखाएको छ । सो प्रतिवेदनका अनुसार सन् १९७० र २०२१ को बिचमा, मौसम, जलवायु र पानीको कारण ११,७७८ विपद् रिपोर्ट गरिएको थियो । तिनीहरूले २०,८७,२२९ को मृत्यु र यूएस ४४.३ ट्रिलियन आर्थिक नोक्सान निम्त्यायो । यसरी खडेरी, बाढी र वर्षाको ढाँचामा परिवर्तनले कृषि उत्पादनमा बाधा पुऱ्याउँछ, खाद्य सुरक्षा र आर्थिक विकासलाई असर गर्छ । नेपालमा जल उत्पन्न प्रकोपको कारण ११ वर्षमा २३ सयभन्दा बढीको मृत्यु भएको छ भने १९ अर्बभन्दा बढीको क्षति भएको छ ।

अन्त्यमा बेलायतस्थित एक्सिटर विश्वविद्यालयका अनुसन्धानकर्ताले ग्लोबल चेन्ज बायोलोजी जर्नलमा सगरमाथा लगायत हिमाली क्षेत्रमा बिरुवाहरू फैलिन थालेको एक अध्ययनले देखाएको थियो । ल्यान्डस्याट भू-उपग्रहको सन् १९९३-२०१८ सम्मको तथ्याङ्कलाई आधार मानेर गरेको उक्त अनुसन्धानले हिउँ तथा हिमनदी हुने स्थानको ५ देखि १५ गुणासम्म वनस्पति पाइएको उक्त अध्ययनले देखाएको छ ।

यो सुन्दा केही सकारात्मक कुरा भए पनि हिमाल हाम्रो चिनारी हो र यसमा जम्मा हुने हिउँको कमी आउनसाथ हुने अन्य जोखिमलाई नजरअन्दाज गर्न सकिन्न । त्यसै गरी जलवायु परिवर्तन मुद्दा जति गम्भीर छ, त्यति नै बढी चासो त्यसले गर्ने मानव अधिकारमा क्षतिको समेत छ, जुन भयावह देखिन्छ । नेपालले पनि अब जलवायु वित्त र सहयोग पाउन कूटनीतिक चनाखोपन र तदारुकता देखाउन सक्नु पर्छ । हामीले ४५ प्रतिशत भूभाग वनले ओगटेको र २०४५ सम्म नेट जिरोको लक्ष्य भेट्टाउने उद्घोष गरेको साथै सबैभन्दा जोखिममा पनि हामी नै भएको हुँदा जलवायु परिवर्तन र हाम्रो मानव अधिकारको विषय अबको दिनमा सँगसँगै उठाउनुपर्ने जरुरी देखिन्छ ।

*(साभार: रातोपाटी)*

# 'कालो चश्मा'को रिमेक भर्सनलाई गालीको वर्षा

साझाकुरा संवाददाता

काठमाडौं/अचेल पुराना लोकप्रिय गीतलाई रिमेक गरेर फिल्ममा राख्ने होडबाजी छ । यसले फिल्मको हाइप बनाउन सघाउने विश्वास मेकरमा देखिन्छ । तर, रिमेक गीत सुप्रिनेभन्दा विग्रने धेरै छन् । संगीत र गायनको कमजोरीका कारण प्राय: रिमेक गीतले दर्शकको गाली खाएका छन् । हुन त कालजयी गीतलाई रिमेक गर्दा त्यही मीठास हुँदैन । तर, रिमेकको नाममा गीत बेच्ने काम मात्र भैरहेको छ ।



निर्देशक दीपक श्रेष्ठले पनि आफ्नो नयाँ फिल्म 'पर्खि बसें तिमीलाई'मा २ दशकअघिको सफल फिल्म 'बादलपारी'को 'कालो चश्मा लाऊ है मैयाँ विशाल बजारको' गीतलाई रिमेक गरेर राखेका छन् । तर, जुन अपेक्षाले गीतलाई रिमेक गरिएको थियो, नतिजा भने त्यसको विपरित आएको छ । न गीतले चर्चा बटुल्न सकेको छ न त दर्शकबाट ताली पाएको छ । बरु गीतलाई गालीको वर्षा छ ।

प्रमोद खरेल र मिलन नेवारको युगल स्वर रहेको रिमेक गीतमा शम्भुजित बाँस्कोटाको संगीत तथा सुरेन्द्र रानाको शब्द रचना छ । ओरिजिनल गीतमा पनि शम्भुजितकै संगीत थियो । तर, रिमेक गीतलाई उनले आधुनिकल शैलीमा ढाल्दा दर्शकबाट अप्रत्यासित रुपमा आलोचना भैरहेको छ । युट्युबमा धेरैजसोले एउटा कालजयी गीतको चिरहरण गर्ने प्रयास भएको प्रतिक्रिया जनाएका छन् ।

गीतमा गायन पक्षको पनि आलोचना भैरहेको छ । ओरिजिनल गीतमा उदित नारायण झा र दीपा झाको स्वर थियो । रिमेक गीतमा प्रमोद र मिलनको स्वरले न्याय नगरेको टिप्पणी धेरै दर्शकको छ । भिडियोमा पनि प्रश्न उठेका छन् । गीतअनुसार कलाकारहरुको नृत्य नदेखिएको प्रतिक्रिया गीतको युट्युब कमेन्टमा धेरै भेटिन्छ । गीतले गाली बढी कमाउँदा निर्माण टिममा तनाव थपिएको छ ।

युट्युबमा गीतको भ्यूज पनि दयनीय छ । एउटा कालजयी बनेको गीतको रिमेक भर्सनलाई युट्युब रिलिजको एक महिनामा ३ लाख भ्यूज पनि मिलेको छैन । त्यसो त फिल्मको न ट्रेलर न अरु गीतको भ्यूज अपेक्षाकृत छ । जसले गर्दा फिल्मको हाइप उकासिन सकेको छैन । प्रचार पनि शून्यझैं देखिएकाले फिल्मलाई जाडोको मौसममा घरेलू बक्स अफिस तताउन निकै चुनौतीपूर्ण देखिन्छ ।

# दयाहाङ र रिश्मापछि 'रिमै'मा जोडिए सौगात

काठमाडौं/सुपरहिट फिल्म 'कबड्डी २'को स्टारकास्ट अब फिल्म 'रिमै'मा देखिने भएको छ । अभिनेता दयाहाङ राई र अभिनेत्री रिश्मा गुरुङ अनुबन्ध भैसकेको फिल्ममा अब सौगात मल्लको प्रवेश भएको छ । उनीसँग यसै साता निर्माण टिमले कागजी सम्झौता गरेको हो । उनको प्रवेश भएसँगै फिल्ममा कलाकारको 'लाइनअप' बलियो बनेको छ । यो फिल्मलाई खिल बहादुर गुरुङ्ले निर्देशन गर्नेछन् ।



गोरख सिरानचोक एण्ड लिगलिग कोट फिल्मसको प्रस्तुति रहेको फिल्ममा वीरबल घलेको पनि अभिनय रहनेछ । 'जारी' निर्देशक तथा कवि उपेन्द्र सुब्बाको पटकथा लेखन रहेको फिल्ममा निर्देशक गुरुङ्ग र अभिनेता घले स्वयंको कथा तथा संवाद छ । आगामी फागुन महिनाबाट छायांकन सुरु हुन लागेको फिल्मको यतिबेला प्रि-प्रोडक्सनको काम भैरहेको निर्देशक गुरुङ्ले बताएका छन् ।

फिल्मको कार्यकारी निर्मातामा टिका गुरुङ्ग (युके), प्रकाश गुरुङ्ग (युके), जित यात्री गुरुङ्ग (नर्वे) र सचि कुमारी घले छन् भने दुन बहादुर घले, हेमा गुरुङ्ग र विजय लामा सह-निर्माता हुन् । 'रिमै'ले दर्शकलाई 'कबड्डी' जोडीको 'केमेस्ट्री' ताजा गराउने देखिन्छ । यसमा दयाहाङ र रिश्माबीचको नोकझोंक र 'कबड्डी २'मा दयाहाङ र सौगातबीचको घम्साघम्सी दर्शकलाई रोचक लागेको थियो ।

# १० मिनेट धड्कन रोकिएका श्रेयस भन्छन्, 'दोस्रो जन्म पाएँ'

एजेन्सी, मुम्बई/फिल्ममा आफ्नो अब्बल कमिक टाइमिङका लागि चिनिएका अभिनेता श्रेयस तलपडेका लागि डिसेम्बर महिना मुश्किलपूर्ण रह्यो ।



फिल्म 'वेलकम टू द जंगल'को छायांकनको क्रममा उनलाई हार्ट अट्याक भएको थियो । १० मिनेट जति उनको धड्कन रोकिएको थियो । एन्जियोप्लास्टीपछि अहिले उनको स्वास्थ्य सुधारन्मुख छ । फिल्मको छायांकनमा जोडिन भने उनलाई केही समय लाग्नेछ ।

श्रेयसले बम्बे टाइम्ससँगको कुराकानीमा आफूले दोस्रो जन्म पाएको बताएका छन् । उनी भन्छन्, 'म लाइफमा पहिला कहिल्यै पनि अस्पताल भर्ना भएको थिइनँ । यद्यपि, मेरो परिवारमा केहीलाई हार्ट अट्याक भैसकेको छ । अब मलाई के महसुस भएको छ भने ज्यान छ त संसार छ । मेरो १० मिनेट धड्कन बन्द भएको थियो । 'क्लिनिकली' म मरिसकेको थिएँ । मैले दोस्रो जन्म पाएको छु ।'

श्रेयसले आफूले २० वर्षको उमेरदेखि निरन्तर रुपमा काम गरिरहेको बताउँछन् । अहिले ४७ वर्षका उनी केही समययता फिल्मको छायांकनमा व्यस्त थिए । 'म धुम्रपान र ड्रिंक गर्दिनँ । म हेल्दी लाइफ अपनाउँछु । यो गर्दा त ममाथि यस्तो हुनसक्छ भने धुम्रपान र ड्रिंक गर्नेलाई के होला ? कोभिडपछि धेरैलाई हार्ट अट्याक भएको सुनेको छु । यसैले हेल्थमा विशेष ध्यान दिऔं,' उनी भन्छन् ।

एकातिर उनको 'वेलकम टू द जंगल' छायांकनमा छ भने अर्कोतिर उनले भारतका पूर्व प्रधानमन्त्री अटल बिहारी वाजपेयीको चरित्र निभाएको फिल्म 'इमर्जेन्सी' प्रदर्शनमा आउँदैछ । जुन फिल्म भारतकी पूर्वप्रधानमन्त्री इन्दिरा गान्धीको कथामाथि बनेको हो । ५० बढी भारतीय फिल्ममा काम गरिसकेका श्रेयसले फिल्म 'पुष्पा'मा अभिनेता अल्लू अर्जुनको चरित्रका लागि हिन्दी डब गरेका थिए ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# पशुपतिनाथका ९३ जना विद्यार्थीलाई न्यानो ज्याकेट

साझाकुरा संवाददाता

हेटौंडा, १८ पुस/ मकवानपुरको मनहरी-४ मसिनेस्थित पशुपतिनाथ माविका ९३ जना बालबालिकालाई बुधबार न्यानो ज्याकेट बितरण गरिएको छ । विकासका लागि सहयोग र सहकार्य (हेल्पकोड) नेपालले बालबालिकालाई ज्याकेट उपलब्ध गराएको हो ।

हेल्पकोड नेपालले विद्यालयमा अध्ययन गरिरहेका एक सय १६ जना बालबालिकालाई स्पोन्सर गरी करिब २ सय जनालाई विद्यालय पोशाक र २५० जना विद्यार्थीलाई शैक्षिक सामग्री उपलब्ध गराउँदै आएको छ । काठमाडौंमा केन्द्रीय कार्यालय रहेको हेलपकोड नेपालले मकवानपुरको मनहरी-४ का तनवटा र मनहरी-३ का एक विद्यालयमा करिब ५ सय बालबालिकालाई बिभिन्न सहयोग उपलब्ध गराउँदै आएको छ ।



मनहरी-४ का वडासदस्य दिनेश चेपाङ, विद्यालयका प्रधानाध्यापक भानुभक्त आचार्य, सहायक प्रअ सुशील गौतमलगायतले ज्याकेट बितरण गरेका हुन् । न्यानो ज्याकेट पाएपछि बालबालिकालाई नियमिति विद्यालय आउनका लागि अब समस्या नहुने वडासदस्य चेपाङले बताए । पुसको ठण्डीमा पनि सामान्य एउटा विद्यलाय पोशाकको भरमा बालबालिका विद्यालय आउने गरेका छन् ।

हेल्पकोड नेपालका कार्यक्रम संयोजक ईन्द्रप्रसाद पाण्डे, फिल्ड अधिकृत विकास चेपाङले वार्षिक कार्यक्रमबाट बचेको र कमबाट बालबालिकालाई ज्याकेट उपलब्ध गराइएको जानकारी दिए । यसअघि मनहरी-४ को सृजना प्राविका बालबालिकालाई पनि न्यानो ज्याकेट बितरण गरिएको र भोलि बिहीबार चेपाङ प्रावि र मनहरी-३ को नवज्योति प्राविका बालबालिकालाई पनि ज्याकेट बितरण गरिने हेल्पकोडका फिल्ड अधिकृत विकास चेपाङले जानकारी दिएका छन् ।

# बालमैत्रीका सूचक मापन र पञ्चवर्षीय योजना कार्यशाला

साझाकुरा संवाददाता

हेटौंडा, १८ पुस/हेटौंडा उपमहानगरपालिका-१७ मा बालमैत्री स्थानीय शासनका सूचक मापन र पञ्चवर्षीय लगानी योजना तयारी कार्यशाला भएको छ ।

१७ नम्बरका वडाअध्यक्ष उद्दव सत्यालको सभाध्यक्षतामा सञ्चालन भएको कार्यक्रममा हेटौंडा उपमहानगरपालिका महिला तथा बालबालिका विकास महाशाखाप्रमुख एवम् निर्देशक बिष्णुकुमारी लामिछानेले सहजीकरण गरेकी छन् । कार्यक्रममा वडाका बालमैत्री सम्पर्क व्यक्तिसहित जनप्रतिनिधि, वडासचिव, सम्पूर्ण संस्थागत र सामुदायिक विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति अध्यक्ष, स्वास्थ संस्था प्रमुख एवम् स्वास्थ स्वयंसेविकाहरु, स्थानीय प्रहरी, बाल समूह संजालका प्रतिनिधिहरु, विभिन्न टोल विकासका अध्यक्ष




लगायत प्रतिनिधिहरु सहित नगर र वडा सहजकर्ता तथा महिला, बालबालिका शाखाका कर्मचारीको सहभागिता रहेको थियो ।

हेटौंडा उपमहानगर पालिकाले मंसिरमसान्त २०८० सम्ममा सम्पूर्ण वडासहित नगर समेत बालमैत्री स्थानीय शासनयुक्त पालिका घोषणा गर्ने लक्ष्य सहित विभिन्न क्रियाकलाप अगाडि बढाइरहेको सन्दर्भमा हाल सबै वडामा सूचक मापन र लगानी योजना निर्माण कार्य संचालन गरेको हो । ८ नम्बर वडामा ३२ सूचक, २ नम्बर वडामा २८ वटा सूचक, १८ नम्बर वडामा २९ वटा र १७ नम्बर वडामा ३० वटा सूचक पूरा भएको लामिछानेले बताइन् । पूरा भएका सूचकको दिगोपना तथा बाँकी सूचक प्राप्तिका लागि आवश्यक कामकार बाही सहितको लगानी योजना निर्माण समेत भएको छ ।

# वन ऐन संशोधनका लागि सरोकारवालासँग अन्तरक्रिया

साझाकुरा संवाददाता

हेटौंडा, १८ पुस/ मकवानपुरको पश्चिमीक्षेत्रस्थित मनहरी गाँउपालिकामा विद्यमान वन ऐन संशोधनका लागि सरोकारवालासँग अन्तरक्रिया गरिएको छ ।

सामुदायिक वन उपभोक्ता महासंघ नेपाल, मकवानपुर जिल्ला कार्यसमितिको आयोजना तथा मनहरी गाउँपालिका कार्यालयको सहकार्यमा अन्तरक्रिया भएको हो । स्थानीय समुदाय र आदिवासी जनजातिको अधिकार सुनिश्चितताको लागि आवश्यक भएमा पहिले लागू गरिएको स्थानीय वन ऐन संशोधनमा स्थानीय सरकारसँग सल्लाह सुझाव लिने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको वन उपभोक्ता महासंघ मकवानपुरका अध्यक्ष साधुराम चौलागाईंले जानकारी दिए ।



मनहरी गाउँपालिकाभित्र रहेका वन समितिका प्रतिनिधिहरुको सहभागितामा आयोजित कार्यक्रममा वनजंगलको क्षेत्रमा स्थानीय सरकारले गर्नुपर्ने क्रियाकलाप र प्राविधिक कर्मचारी नियुक्त गरी स्थानीयस्तरबाटै गुणस्तरीय सेवाप्रवाह गर्नु पर्ने लगायतका विषयमा महासंघले सुझाव दिएको छ ।

गाउँपालिका उपाध्यक्ष सीता पुलामीमगरको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत रमेश सुवेदी, मनहरी-३ नम्बर वडाअध्यक्ष अनन्तप्रकाश अर्याल, ७ नं वडाका कार्यवाहक अध्यक्ष नवराज सुवेदीलगायत कार्यपालिका सदस्य तथा वडासदस्यको उपस्थिति थियो ।

# जंगली जनावरबाट बाली जोगाउन पर्साका स्थानीय रातभर जाग्राम

पर्सा, १८ पुस/जङ्गली जनावरबाट बालीनाली जोगाउन पर्साको उत्तर-पश्चिम क्षेत्रका स्थानीय रातभर जाग्राम बस्ने गरेका छन् । पर्सा राष्ट्रिय निकुञ्ज तथा अन्य वन जङ्गलबाट आउने जनावरले दिनहुँ गहुँबाली तथा तरकारी नष्ट गर्न थालेपछि उनीहरु बालीनाली जोगाउन राति जाग्राम बस्न बाध्य भएका हुन् ।

पर्साको जिराभवानी गाउँपालिका, ठोरी गाउँपालिका, पटेर्वा सुगौली गाउँपालिका र सखुवा प्रसौनी गाउँपालिकाका विभिन्न गाउँका किसान जङ्गली जनावरबाट पीडित भएका छन् । वनजङ्गलबाट आउने चित्तल, हात्ती, हरिण, निलगाई, बँदेल, बाँदर, भालुलगायतका जङ्गली जनावरले गहुँ, मकै, आलु, तोरी लगायतका बाली सखाप पार्ने गरेकाले जोगाउनका लागि जाग्राम बस्न बाध्य भएको ठोरीका रञ्जित श्रेष्ठले बताए । राष्ट्रिय वनमा घेरवार नहुँदा दिनहुँ जङ्गली जनावरले बालीनली नष्ट गर्ने गरेको उनको भनाइ छ ।

जङ्गली जनावरबाट बालीनाली जोगाउन मचान बनाएर राति निगरानी गर्दैआएको जिराभवानीका शंकर महतो बताउँछन् । रातिको समयमा आउने हात्तीलाई धपाउन किसानले पटाका पड्काउने, टिन ठटाउने र होहल्ला गर्ने गरेको उनले बताए ।

बर्सेनी जङ्गली जनावरले बालीनालीमा क्षति पुर्याउने गरेपनि आफूहरूको समस्या समाधानका लागि स्थानीय सरकार, डिभिजन वन कार्यालयले कुनै सुनुवाइ नगरेको किसानको गुनासो छ ।

डिभिजन वन कार्यालय पर्साका प्रमुख सुभाषचन्द्र दासले वनजङ्गल आसपास क्षेत्रमा जङ्गली जनावरले आतंक मच्चाउँदै आएकाले समस्या समाधानका लागि पहल गरिरहेको बताए ।

*(स्रोत: अनलाइनखबर)*

# वटुकलाई पोशाक सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, १८ पुस/हेटौंडा उपमहानगरपालिका-१०, स्थित संस्कृत वेद विद्यालयमा अध्ययनरत् वटुक (विद्यार्थी) लाई पोशाक सहयोग उपलब्ध भएको छ ।

बुधवार विद्यालयमा आयोजित एक कार्यक्रमबीच हेटौंडा उपमहानगरकी मेयर मीनाकुमारी लामाले वटुकलाई प्राप्त सहयोगको पोशाक वितरण गरेकी छन् । वटुकलाई संस्कृत वेद विद्यालय व्यवस्थापन समिति अध्यक्ष रामकृष्ण थापाले आफ्नो नातीको जन्मदिनको अबसरमा पोशाक सहयोग गरेका हुन् । थापाले विद्यालयको अक्षयकोषमा दुई हजार ५ सय रुपैयाँ प्रदान गरेका छन् ।

विद्यालयले अक्षयकोष अभियान पनि सञ्चालन गरिरहेको छ । अक्षयकोषमा ५० लाख रुपैयाँ पुऱ्याउने लक्ष्य रहेको विद्यालयका प्रधानाध्यापक गोपाल अधिकारीले जानकारी दिए ।

विद्यालयका प्रअ अधिकारीले सञ्चालन गरेको कार्यक्रमलाई सम्बोधन गर्दै मेयर लामाले अक्षयकोष सञ्चालनको प्रशंसा गरेकी थिइन् । उनले अक्षयकोषमा उपमहानगरपालिकाले ५ लाख रुपैयाँ सहयोग गर्ने प्रतिबद्धता जनाएकी छन् ।

विद्यालयलाई सहयोग गरेर अनुशासित, सभ्य समाज निर्माण तथा संस्कृतिको संरक्षणका लागि उपमहानगरले सहयोग गर्ने मेयर लामाले वाचा गरेकी छन् ।

कार्यक्रममा बोल्दै हेटौंडा-१० का वडाअध्यक्ष फुर्वादोर्जे लामाले विद्यालयलाई जस्तोसुकै सहयोग गर्न तयार रहेको बताए । उनले संस्कृत वेद विद्यालयमा रहेर कुनै राजनीति नगर्न चेतावनी दिए । वडा कार्यालयले विद्यालयको भौतिक पूर्वाधार निर्माण र खाद्यान्नमा सहयोग गर्ने वडाध्यक्ष लामाले प्रतिबद्धता जनाएका छन् ।

# लोकतन्त्रवादी जनजाति महासंघ अध्यक्षमा नकर्मी



साझाकुरा संवाददाता

हेटौंडा, १८ पुस/नेपाली कांग्रेस निकट लोकतन्त्रवादी आदिवासी जनजाति महासंघको हेटौंडा-४ वडा समिति गठन भएको छ । मंगलबार भएको वडा भेलाले कृष्णकुमार नकर्मीको नेतृत्वमा कार्यसमिति गठन गरेको हो ।

महासंघको उपाध्यक्षमा मालती श्रेष्ठ र त्रैलोक्यमोहन थिके, सचिव श्रृष्टि गोर्खाली र दिपेश खड्की, सहसचिव केदारबहादुर श्रेष्ठ र दीपकदास श्रेष्ठ, कोषाध्यक्ष विना श्रेष्ठ तथा सदस्यमा प्रकाश महर्जन, गणेशबहादुर श्रेष्ठ, रामकुमार राजभण्डारी, तिलकबहादुर माझी, निता मानन्धर, सुष्मा श्रेष्ठ, चन्द्रनाथ श्रेष्ठ, गजेन्द्र बललामा, उषा लामा र विष्णुमाया सिन्तानलगायत रहेका छन् ।

भेलाले कृष्णकुमार नकर्मी, श्रृष्टि गोर्खाली, गजेन्द्र बललामा, निता मानन्धर, सुष्मा श्रेष्ठ, उषा लामा र विष्णुमाया सिन्तानलाई क्षेत्रीय प्रतिनिधिमा चयन गरेको छ ।

नेपाली कांग्रेस हेटौंडा-४ वडासभापति हरिप्रसाद पौडेलको अध्यक्षतामा भएको भेलामा कांग्रेस बागमती प्रदेश सदस्य प्रदीप कोइरालाको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा तामाङ संघका संयोजक ईन्द्रबहादुर लोप्चन, लोकतान्त्रिक आदिवासी जनजाति महासंघका कार्यबाहक अध्यक्ष कविता श्रेष्ठ, कांग्रेस मकवानपुर क्षेत्र नम्बर १ को 'ख' का उपसभापति शुक्रराज जोशी, संघीय सचिव कविन सांगामी, लोकतन्त्रवादी आदिवासी जनजाति महासंघका जिल्ला कोषाध्यक्ष शान्ति स्याङ्बो लोप्चनलगायतको आतिथ्यता रहेको थियो ।

# खेलकुद तथा व्यापार महोत्सवको समापन

साझाकुरा संवाददाता

हेटौंडा, १८ पुस/ हेटौंडाको टिसिएनचौरमा आयोजना भएको बृहत् खेलकुद तथा व्यापार महोत्सवको समापन भएको छ । मकवानपुर जिल्ला खेलकुद विकास समितिले औद्योगिक शान्ति नेपाल संस्थासँगको सहकार्यमा पुस ५ गतेबाट सञ्चालन भएको महोत्सव बुधबार समापन गरिएको हो ।

खेलकुद तथा व्यापार महोत्सव सबैको सहयोगबाट सम्पन्न भएको आयोजक खेलकुद विकास समिति अध्यक्ष भेष खड्कीले जानकारी दिए । महोत्सवमा एथ्लेटिक्स, ब्याड्मिन्टन, तेक्वान्दो, महिला फुटबल, राष्ट्रिय तेक्वान्दो, क्युकोसिन, आइटिएफ, राष्ट्रिय उसु, हक्की, महिला राष्ट्रिय भलिबल, रेसिलिङ र कबड्डी प्रतियोगिता सञ्चालन भएको थियो । महोत्सवमा ४० जना भन्दा बढी राष्ट्रिय तथा स्थानीय कलाकारले दैनिक प्रस्तुती दिएका थिए ।



बागमती प्रदेशका सामाजिक विकास मन्त्री कुमारी मोक्तानको प्रमुख आतिथ्यतामा महोत्सव समापन भएको हो । खेल क्षेत्रको विकास गर्ने उद्देश्यसहित आयोजित महोत्सव सफलतापूर्वक सम्पन्न भएको भन्दै उनले आयोजकलाई धन्यवाद ज्ञापन गरिन् । उद्देश्यअनुरुपको काम गर्न अनुरोध गर्दै उनले खेलसहित जिल्लाको विकासका लागि आफ्नो तर्फबाट गर्नुपर्ने भूमिका निर्वाह गर्न कुनै कसर बाँकी नराख्ने उनको प्रतिबद्धता रहेको थियो । खेलकुद क्षेत्रको विकासका लागि योजनाबद्ध काम गर्न उनले खेल सम्बद्ध संघसंस्थाका प्रमुख प्रतिनिधिलाई अनुरोध गरिन् ।

आयोजक खेलकुद विकास समितिका अध्यक्ष खड्कीको अध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा उपमहानगरपालिका-१ का वडाअध्यक्ष एवम् प्रवक्ता सविन न्यौपाने, बागमती प्रदेश खेलकुद विकास परिषद्का सदस्य एवम् खेलकुदका पूर्वअध्यक्ष माधव तिमल्सिना, नेपाल बक्सिङ महासंघका केन्द्रीय उपाध्यक्ष सविन भट्टाचार्य, खेलकुद विकास समितिका अध्यक्ष आलोक स्याङ्तान, औद्योगिक शान्ति नेपाल संस्थाका अध्यक्ष सन्दिप महत लगायतले महोत्सवमा सहयोग गर्ने सबैलाई धन्यवाद ज्ञापन गर्दै जिल्लाको खेलक्षेत्रको विकासका लागि आयोजित महोत्सव सफल भएको धारणा राखे ।

महोत्सवको समापनका क्रममा खेलकुद विकास समितिका पूर्वअध्यक्षहरुलाई सम्मानपत्रसहित दोसल्ला ओढाएर सम्मान सम्मान गरिएको थियो । महोत्सव अवधिभर राष्ट्रिय, प्रदेश तथा जिल्लास्तरीय गरी १३ वटा विधामा खेलकुद प्रतियोगिता भएको थियो । खेलकुद प्रतियोगितामा सहभागी भएर फर्कने क्रममा एक जना खेलाडीको बस दुर्घटनामा निधन भएको थियो ।

महोत्सवको अन्तिम दिन महिला तथा पुरुष कबड्डी प्रतियोगिता सञ्चालन भएको थियो । समापनका क्रममा मकवानपुर जिल्ला खेलकुद विकास समितिका पूर्वअध्यक्षहरु, हेटौंडा उपमहानगर पालिकाका वडा अध्यक्षहरु, विभिन्न खेलकुद संघका अध्यक्षहरुलगायतको आतिथ्यता रहेको थियो । महोत्सवको अन्तिम दिन गायक र जनराज शिवाकोटी, गायिका प्रतिमा अर्याल, लोकेन लामा, मानस राज र रमेश श्रेष्ठ मेलोडीले आफ्ना चर्चित गीतमार्फत दर्शकलाई मनोरञ्जन प्रदान गरेका थिए ।

हेटौंडामै उत्पादित
सुदिन ड्राइमिट






Ready To Eat
हाम्रा विशेषताहरू:
- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

सुदिन प्याकेजिङ्ग उद्योग
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना